# स्थानीय निकायले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण (GESI Audit) सम्वन्धी कार्यक्रम सञ्चालन एवं खर्च गर्दा पालना गर्नु पर्ने शर्तहरु

## आ.व. २०७२/०७३

यस चालु आ.व. २०७२/०७३ मा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण सम्वन्धी कार्यक्रम ७५ जिल्ला विकास समिति र १९१ नगरपालिका ( ५८ नगरपालिका, ७२ नगरपालिका र ६१ नगरपालिका) हरुमा कार्यान्वयन गरिनेछ । मन्त्रालयले उक्त जिल्ला र नगरपालिकाहरुमा कार्यक्रम संचालन गर्न चालु आ.व. मा प्रत्येक जिविसलाई रु. १००,०००/- ( एक लाख मात्र) र प्रत्येक नगरपालिकालाई रु.५२,३५६/- (बाउन्न हजार तीन सय छपन्न मात्र) को दरले कार्यक्रम बजेट बिनियोजन गरेको छ । जिविस र नगरपालिकाहरुलाई अख्तियारी मार्फत उपलब्ध गराएको बजेट तोकिएको कार्यक्रममा खर्च गरी प्रतिवेदन मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) शाखामा पठाउनु पर्नेछ । कार्यक्रम कार्यान्वयन गर्ने जिविस र नगरपालिकाहरुको कार्यक्रम र शर्तहरु निम्न अनुसार रहेको छ ।

### जिल्ला विकास समिति अन्तर्गतको कार्यक्रम :

१) जिल्ला विकास समितिका पदाधिकारीहरु, जिविस अन्तर्गत गठित विभिन्न समितिका पदाधिकारीहरु एवं जिविसका कर्मचारीहरुको सहभागिता गराई स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ को परिच्छेद ४ मा उल्लेख भए अनुसार जिविसको दुई दिने लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण (GESI Adit) गर्ने ।

२) जिविसले आफ्नो संस्थालाई बढी भन्दा बढी लैङ्गिक मैत्री एवं सामाजिक समावेशी बनाउन लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण (GESI Adit) पश्चात स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ को परिच्छेद ४ मा उल्लेख गरिएको कार्य योजनाको ढाँचामा बार्षिक कार्य योजना तयार गर्ने र यसरी तयार गरीएको कार्य योजना जिल्ला परिषदबाट पारित गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

३) जिल्ला विकास समिति अन्तर्गत गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) कार्यान्वयन समिति र जिल्ला लैङ्गिक उत्तरदायी बजेट तर्जुमा समितिहरुको नियमित बैठक राखी बैठक माईनुट तयार गर्ने सोही अनुसार कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने र जिल्लाको सबै विकास कार्यक्रमहरुलाई लैङ्गिक मैत्री एवं सामाजिक समावेशी बनाउन क्रियाशिल रहने ।

उप-सचिव सह-सचिव

**नगरपालिका अन्तर्गतको कार्यक्रम :**

१. नगरपालिकाका पदाधिकारीहरु, नगरपालिका अन्तर्गत गठित विभिन्न समितिका पदाधिकारीहरु एवं नपाका कर्मचारीहरुका सहभागिता गराई स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ को परिच्छेद ४ मा उल्लेख भए अनुसार नगरपालिकाको दुई दिने लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण (GESI Adit) गर्ने ।

२. नगरपालिकाले आफ्नो संस्थालाई बढी भन्दा बढी लैङ्गिक मैत्री एवं सामाजिक समावेशी बनाउन लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण (GESI Adit) पश्चात स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ को परिच्छेद ४ मा उल्लेख गरिएको कार्य योजनाको ढाँचामा बार्षिक कार्य योजना तयार गर्ने र यसरी तयार गरेको कार्य योजना नगर परिषदबाट पारित गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

**शर्तहरु:**

१) उक्त रकम खर्च गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ बमोजिम खर्च गर्नु पर्नेछ ।

२) जिविस एवं नगरपालिकाहरुले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण (GESI Audit) को भौतिक प्रगति प्रतिवेदन निर्देशिकाको परिच्छेद ४ मा उल्लेख भए बमोजिमको प्रगति प्रतिवेदन ढाँचामा तयार गरी मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखामा पठाउनु पर्नेछ ।

३) जिविस एवं नगरपालिकाले यस कार्यक्रमको प्रगतिको विवरण web based reporting system मा समेत प्रविष्ट गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा प्रतिवेदन गर्नु पर्नेछ ।

४) यस कार्यक्रमको प्रगति समिक्षा जिविस र नगरपालिकाले नियमित रुपमा गर्नु पर्नेछ ।

५) कार्यक्रमको आन्तरीक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण जिविस एवं नगरपालिकाले गर्नु पर्नेछ ।

उप-सचिव

सह-सचिव